# झापा जिल्ला अदालत
## भद्रपुर

### सिलबन्दी बोलपत्र आह्वानको सूचना
सूचना नं. १/०७३/०७४
प्रकाशित मितिः २०७३/११/०२

यस अदालतको तपसिल बमोजिम भवन निर्माण कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यावसायीहरुबाट निम्न सर्तको अधिनमा रहि रीतपूर्वक सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

<u>तपसिल</u>

| सि नं. | खरिद नं. | कामको विवरण | लागत अनुमान रु. (मू.अ. कर र कन्टिन्जेन्सी वाहेक) | बोलपत्र खरिद दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र खरिद गर्ने अन्तिम अवधि | बोलपत्र पेश गर्ने अन्तिम अवधि र समय | बोलपत्र खोल्ने अन्तिम अवधि र समय |
|---|---|---|---|---|---|---|---|---|
| 1 | १/०७३/०७४ JDC/NCB/Works (1/073/74) | माननीय न्यायाधीश को आवास भवन निर्माण | ७३,९३,४६६।९८ | ३०००/- | २६००००/- | २०७३/१२/०१ | २०७३/१२/०२ १२:०० बजे | २०७३/१२/०२ १३:०० बजे |
| 2 | २/०७३/०७४ JDC/NCB/Works (2/073/074) | अधिकृत कर्मचारी आवास भवन निर्माण | १,२१,२४,९०८।१७ | ३०००/- | ४३१०००/- | २०७३/१२/०१ | २०७३/१२/०२ १२:०० बजे | २०७३/१२/०२ १३:०० बजे |

१. बोलपत्र सूचना प्रकाशित भएको मितिले ३० औं दिनभित्र बोलपत्र बापत तपसिलमा उल्लेखित रकम (फिर्ता नहुने गरि) बुझाई आ.व. ०७२/०७३ सम्म मान्यता हुने खरिद इजाजत पत्र, आयकरको स्थायी नम्बर (PAN) लिएको र मु.अ कर प्रयोजनको लागि दर्ता भएको प्रमाण पत्र, आ.व. ०७२/०७३ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक बोलपत्रदाताले वा निजको आधिकारिक प्रतिनिधिले लिखित निवेदन दिई कार्यालय समयभित्र बोलपत्र सम्बन्धी कागजात यस अदालतबाट खरिद गर्न सक्ने। E-Bid बाट बोलपत्र पेश गर्ने सम्बन्धमा तल उल्लेख गरिएको छ।

२. खरिद भएको बोलपत्र सम्बन्धित कागजात प्रस्टसँग भरि निर्माण व्यावसायीले प्रत्येक पानामा सहिछाप गरी सिलबन्दी खामबाहिर फर्मको नाम ठेगाना र कामको नाम खरिद नम्बर प्रस्टसँग लेखी बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजेभित्र यस अदालतमा दर्ता गराउनु पर्ने छ। दर्ता भएका बोलपत्रहरु सोहि दिनको १३:०० बजे उपस्थित बोलपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहबरमा यस अदालतमा खोलिने छ। बोलपत्रदाताहरु वा प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने/ दर्ता गर्न अन्तिम दिन तथा खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट वा विदापछि अदालत खुलेको दिन हुनेछ।

श्रेस्तेदार
(उप-सचिव)

४. बोलपत्र मान्य हुने अवधि बोलपत्र पेस गर्ने अन्तिम मितिबाट ९० दिन हुनेछ र बोलपत्रसाथ बोलपत्र जमानत बापतको माथि उल्लेख भए बमोजिमको रकम कार्यालय कोड नम्बर ०४-२०४-०१, राष्ट्रिय बाणिज्य बैंक भद्रपुरमा रहेको कोष तथा लेखा नियन्त्रण कार्यालय भद्रपुरको एकल कोष धरौटी खाता नम्बर २२१०२०३०००००० 'ख' मा जम्मा गरेको सक्कलै भौचर वा सो बराबरको यस अदालतको नाममा मान्यता प्राप्त 'क' बर्गको वाणिज्य बैंकबाट जारी भएको बोलपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन अवधि भएको बैंक जमानत (बिडबण्ड) पेश गर्नुपर्नेछ।

५. अदालतले उपलब्ध गराएको बोलपत्र पुस्तिकामा कुनै थपघट केरमेट नगरेको वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ। केरमेट भएको खण्डमा सम्बन्धित फर्मको सहिछाप भएको हुनुपर्ने छ। समयभित्र प्राप्त नभएको, रीत नपुगेको र सूचनाका शर्त विपरीत भएको बोलपत्रमाथि कुनै कारवाही हुने छैन।

६. बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझी बोलपत्र भरेको मानिने छ।

७. बोलपत्र भर्दा दररेट स्पस्ट रुपमा अक्षर र अंकमा मूल्य अभिवृद्धि कर बाहेकको रकम उल्लेख गर्नुपर्नेछ। अक्षर र अंक फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. बोलपत्र सम्बन्धी कागजात दाखिला गर्दा बोलपत्रमा निर्देशन गरे अनुसारका कुराहरु खुलाउनु पर्नेछ।

९. बोलपत्र सम्बन्धी बिस्तृत छलफलको लागि मिति २०७३/११/२२ गते दिनको १:०० बजे यस अदालतमा Pre-bid Meeting राखिएकोले सम्पूर्ण इच्छुक निर्माण व्यावसायीलाई उपस्थित हुन सूचित गरिन्छ। इच्छुक बोलपत्र दाताले e-Procurement मार्फत ***www.edudbc.gov.np*** मा गई थप जानकारी प्राप्त गर्न बोलपत्र Download गर्न र बोलपत्र दाखिला गर्न समेत सक्नेछन्। सोको लागि राजस्व खातामा बोलपत्र खरिद दस्तुर जम्मा गरी डिपोजिट भौचरको Scanned Copy(PDF फर्म्याटमा) Electronic Bid Files साथै पेश गर्नुपर्नेछ।

१०. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा खरिद स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित हुनेछ।

११. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयभित्र यस अदालतको टेलिफोन नं. ०२३४५५७३१ मा सम्पर्क गर्न सकिनेछ।

१२. कुनै बोलपत्रदाताले E-Bidding बाट एक पटक पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा उक्त कार्य E-Bidding प्रकृयाबाट नै गर्नुपर्नेछ। यस्ता बोलपत्र फिर्ता तथा संशोधनको लागि सिलबन्दी निवेदनबाट (हार्ड कपि) पेश गर्न पाइने छैन/स्वीकार गरिने छैन।

१३. विद्युतीय सञ्चारको माध्यमबाट बोलपत्र पेश गरिने बाहेक कुनै बोलपत्रदाताले आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा चौबीसघण्टा अगावै सिलबन्दी निवेदन दिनु पर्नेछ।

१४. E-Bidding द्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरेका कागजातहरुको सक्कल प्रति यस अदालतमा ३ दिनभित्र पेश गर्नुपर्नेछ। सक्कल प्रति पेश हुन नआएमा बोलपत्र फाराममा उल्लेख भए अनुसारको कारवाही गरिनेछ।

१५. यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।